# कृषि व्यबसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कर्णाली प्रदेश, नेपाल

वीरेन्द्रनगर, सुर्खेत

राजेन्द्र प्रसाद भारी
सचिव

# कृषि व्यबसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

मा.मन्त्रीज्यूबाट मिति
२०७६/०८/१२ गते स्वीकृत

**प्रस्तावना**

फरक क्षमता भएका, द्वन्द्व पीडित, बेरोजगार युवा, प्राबिधिक शिक्षा अध्ययन गरेका तथा बिदेशबाट फर्केका युवा, कृषक, कृषक समूह, कृषि सहकारी सस्था, र कृषि तथा पशुपालन फार्म गरेका व्यवसायिहरुलाई कृषि पेशा तर्फ आकर्षित गर्न, उत्पादन बृद्धि गरी आत्मनिर्भर बनाइ निर्यात प्रवर्द्धन गर्न भूमी व्यवस्था, कृषि तथा सहकारी **मन्त्रालय अन्तर्गतको आ.व.२०७६/०७७ को स्विकृत कृषि व्यबसाय प्रवर्द्धन कार्यक्रम संचालनको लागि कार्यबिधि निर्माण बाञ्छनीय भएकोले मन्त्रालयले कृषि व्यबसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६** तयार गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम तथा प्रारम्भः** (१) यस कार्यविधिको नाम " **कृषि व्यबसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६** " रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालय र मन्त्रालय अन्तर्गतका अनुदान प्रवाह गर्ने निकाय सम्झनु पर्छ ।

९ग० "अनुदानग्राही" भन्नाले फरक क्षमता भएका, द्वन्द्व पीडित, बेरोजगार युवा, प्राबिधिक (कृषि तथा भेटेनरी) शिक्षा अध्ययन गरेका तथा बिदेशबाट फर्केका युवा, कृषक तथा कृषि तथा पशुपालन फार्म दर्ता गरेका, कृषक समूह, कृषि सहकारी सस्था, प्रा.लि. र कार्यक्रम बाट छनोट भएका व्यबासायी एवं उद्यमीलाई सम्झनु पर्छ ।

(घ) "कार्यक्रम" भन्नाले "भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको आ.व.२०७६/०७७ को स्वीकृत **कृषि व्यबसाय प्रवर्द्धन कार्यक्रम** कार्यक्रमलाई सम्झनु पर्छ ।

(ङ) "प्रस्ताव" भन्नाले कार्यक्रममा उल्लेख कार्य गर्नका लागि अनुदानग्राहीले पेश गरेको विस्तृत कार्य योजना सहितको विवरणलाई सम्झनु पर्छ ।

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

(अधिकृत स्तर आठौं)

सचिव

मा. विमला के.सी.
मन्त्री

परिच्छेद-२

## कार्यक्रम संचालन प्रक्रिया

३. **अनुदान प्रवाह गर्ने निकाय** : अनुदान प्रवाह गर्ने निकाय मन्त्रालय वा अन्तर्गतका कार्यालयहरु रहनेछन् भने यस आ.ब.मा भुमि व्यबस्था कृषि तथा सहकारी मन्त्रालयबाट यो कार्यक्रम सचालन गरिनेछ ।

४. **सूचना प्रकाशन तथा प्रस्ताव आव्हान** : सूचना प्रकाशन तथा प्रस्ताव आव्हान देहाय अनुसार हुनेछः-

१. मन्त्रालयले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकेको म्याद दिई नियमानुसार प्रक्रिया पुऱ्याई अनुसूची-१ अनुसारको ढाँचामा सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नु पर्नेछ । सम्बन्धित सरोकारवाला सबैको जानकारीका लागि स्थानीय एफ.एम.बाट समेत सो सम्बन्धी सूचना प्रचार प्रसार गर्न सकिनेछ । सूचना प्रकाशन गर्दा साना तथा मझौला व्यबसायीहरूलाई समाबेश गर्ने उदेश्य अनुसार प्रस्ताव पेश गर्दा अधिकतम रू १० लाखसम्मका प्रस्तावनाहरू पेश गर्न सकिनेछ भनि जानकारी गराउनुपर्नेछ ।

२. प्रस्ताव पेश गर्न इच्छुक कृषि व्यवसायले अनुसूची-२ अनुसारको निवेदन साथ अनुसूची-३ बमोजिम प्रस्ताव पेश गर्नु पर्नेछ ।

५. **प्रस्ताव पेश गर्ने सेवाग्राही छनौटको मापदण्ड** : सेवाग्राही छनौट देहाय अनुसार हुनेछः-

१. अनुदानग्राही फरक क्षमता भएका, द्वन्द्व पीडित, बेरोजगार, बिदेशबाट फर्केका युवा, प्राबिधिक (कृषि तथा भेटेनरी) शिक्षा अध्ययन गरेका, कृषक, कृषि तथा पशुपालन फार्म दर्ता गरेका, कृषक समूह, कृषि सहकारी सस्था र प्रा.लि. हुनुपर्नेछ ।

२. अनुदानग्राहीले हावापानी सुहाउदो र उपयुक्त कृषि र पशुपालन व्यबसायको व्यबसायिक योजना बनाउनुपर्नेछ र उपयुक्त ब्यबसायक योजना अनुसार छनोट गरिनेछ ।

३. व्यक्ति अनुदानग्राहीले मन्त्रालयले प्रकाशित गरेको सूचना अबधि भित्र सम्बन्धित निकायमा व्यबसाय दर्ता गरेको हुनुपर्नेछ ।

४. व्यबसायिक योजना, आवश्यक कागजपत्रहरु लगायतका अन्य प्रक्रिया पुराएर प्रस्ताव पेश गरेका व्यबसायिहरु मध्येबाट बजेट सिमा भित्र रहि मापदण्ड पुगेका योग्य व्यबसायिलाइ छनोट गरिनेछ ।

६. **अनुदान उपलब्ध गराउन सकिने क्षेत्रहरूः**

**क)** कृषि बालीहरू ( तरकारी, फलफुल, मौरी, च्याउ,मसलावाली र उच्च मूल्यका बालीहरू आदि)

**ख)** पशुपालन (कुखुरा, बाख्रा र भेडा, सुगुर/बगुर, गाइ, भैसी, माछा, बिशिष्ट प्रजातिका पशुपन्छी लगायतका पशुपन्छीहरु)

कृषि प्रसार अधिकृत
(अधिकृत स्तर आठौं)

सचिव

मा. बिमला के.सी.
मन्त्री

**ग)** वीउ उत्पादन व्यबसाय

**घ)** कृषि र पशुजन्य बस्तुहरूको बिक्रि गर्ने व्यबसाय

**७. प्रस्ताव मूल्याङ्कन तथा छनौट**: स्वीकृत बजेट अनुसार र धेरै भन्दा धेरै साना तथा मझौला व्यबसायीहरूलाइ समाबेश गर्ने उदेश्य अनुसार प्रस्ताव पेश गर्दा बढीमा रू १०(दश) लाख सम्मका योजनाहरू लाइ समाबेश गरि तपशिल बमोजिमका मापदण्हरूलाइ प्राथमिकता दिइ मूल्याङ्कन गर्न सकिनेछ ।

| सिन | प्राथमिकता | प्राथमिकता भार |
|---|---|---|
| १ | कृषि बिकास कार्यालयको पकेट प्राथमिकतामा परेको बाली वा पशुपालन | १० प्रतिशत |
| २ | व्यावसायीक स्तरमा कम्तीमा ५ रोपनीमा खेती गर्ने कृषकहरु | १० प्रतिशत |
| ३ | व्यवस्थित रुपमा फार्म सञ्चालन गर्ने तथा लागत सहभागिता बढी गर्नेलाई प्राथमिकता | १० प्रतिशत |
| ४ | खेर गएका सार्वजनिक तथा व्यक्तिगत जमिनहरुमा ठूलो स्तरमा सामूहिक वा करारमा खेती गर्ने | २० प्रतिशत |
| ५ | मूल्य श्रृङ्ला तथा मूल्य अभिवृद्धि गर्ने प्रकारका मागहरु | १० प्रतिशत |
| ६ | रोजगार दिन सकिने व्यबसाय | १० प्रतिशत |
| ७ | एकल महिला, दलित, अपाङग (फरक क्षमता भएका), द्वन्द पिडित र बिदेशबाट फर्केका युवाबाट प्रस्ताबित व्यबसाय | १० प्रतिशत |
| ८ | महिलाबाट सचालित व्यबसाय | १० प्रतिशत |
| ९ | प्राबिधिक (कृषि तथा भेटेनरी) शिक्षा अध्ययन गरेका | १० प्रतिशत |

**नोट**: बजेटको सीमाभन्दा बढी माग आएमा उपर्यूक्त तथा आवश्यकता अनुसार थप मापदण्ड बनाई छनौट गर्नसकिनेछ ।

८। **प्रस्ताव मूल्याङ्कन तथा छनौट समिति**: प्रस्ताव मूल्याङ्कन तथा छनौट समिति देहायानुसार हुनेछ:-

क. कृषि बिकास महाशाखाका प्रमुख, - संयोजक

ख. कृषि र पशुपन्छी बिकास निर्देशनालयका अधिकृत १/१ जना प्रतिनिधि, - सदस्य

ग. पशुपन्छी बिकास महाशाखाका प्रमुख - सदस्य

कृषि प्रसार अधिकृत (अधिकृत स्तर आठौं)

राजेन्द्र प्रसाद भारी सचिव

मा. विमला के.सी. मन्त्री

घ. कृषि तथा पशुपन्छी व्यबसाय प्रवर्द्धन विकास शाखा -सदस्य-सचिव

१. समितिले आवश्यकता अनुसार बैठकमा सम्बन्धित विषय विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ । समितिले बढीमा पाचँ वटा बैठकबाट कार्य सम्पादन गरिसक्नु पर्नेछ ।

२. समितिले आवश्यकता अनुसार आफ्नो काम कारवाहीलाई वस्तुपरक बनाउन समितिका सदस्यहरु मध्येबाट एक जना संयोजक र बढीमा २ जना सदस्य रहेको उप-समिति गठन गरी मूल्याङ्कन प्रतिवेदन लिन सक्नेछ । उप-समितिको बैठक बस्नु परेमा बढीमा दुई वटा बैठकबाट कार्य सम्पादन गर्नुपर्नेछ ।

३. मूल्याङ्कन तथा छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

क) प्राप्त प्रस्ताव उपर प्राविधिक र आर्थिक दृष्टिकोणले विश्लेषण र मूल्याङ्कन गर्नेछ ।

ख) आवश्यकता अनुसार उप-समितिलाई छनोट सम्बन्धी अधिकार बाहेक अन्य अधिकारहरु प्रत्यायोजन गर्न सक्नेछ। प्रत्यायोजित अधिकार वमोजिमको कार्य सम्पादन गरी समिति समक्ष आवश्यक राय तथा सिफारिस सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

ग) समितिले समग्र विषयवस्तुको अध्ययन र विश्लेषण गरी उपयुक्त प्रस्तावहरुको योग्यताक्रम लिष्ट तयार गरी अन्तिम लिष्ट प्रकाशन गर्नेछ ।

घ) समितिले मूल्याङ्कन सम्बन्धी कार्य गर्दा प्रस्ताव पेश भएको अन्तिम मितिले ७ दिन भित्र प्रस्ताव छनौट गर्ने गरी मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्नेछ । उक्त म्याद भित्र छनौट गर्न नभ्याउने भएमा उचित कारण र आधार खुलाई पुन: बढीमा ७ दिनको म्याद थप गर्न सकिनेछ ।

ङ) मूल्याङ्कन समितिले मूल्याङ्कन प्रतिवेदन तयार गरि सकेपछि आवश्यक राय तथा सिफारिस सहित कार्यालयका प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

४. कार्यालयले छनौट भएका प्रस्तावहरुको विवरण खुलाई ७ दिनको म्याद दिई सम्झौता गर्ने आशयको सूचना जारी गर्नु पर्नेछ ।

५. छनौटमा परेका प्रस्ताव उपर उजुरी नपरेमा छनौट भएको ८ औं दिन देखि ३ दिन भित्र सम्झौता गर्न आउने गरी छिटो साधन मार्फत सम्बन्धित प्रस्तावकर्तालाई सूचना दिनुपर्नेछ ।

६. छनौट भएका प्रस्ताव उपर उजुरी परेमा ७ दिन भित्रमा उजुरी उपर आवश्यक निर्णय गरी सक्नु पर्नेछ ।

**९। सम्झौता र भुक्तानी :**

१. **सम्झौता**:- व्यावसायीक रुपमा कृषि र पशुपालन व्यबसाय गर्ने लाभग्राही सगँ अनुसूची -४ अनुसारको सम्झौता गर्नेछ ।

२. **भुक्तानी** : भुक्तानी देहाय अनुसार हुनेछ :-

कृषि प्रसार अधिकृत (अधिकृत स्तर आठौं) राजेन्द्र प्रसाद भारी सचिव मा. विमला के.सी. मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

१. कृयाकलापहरुमा प्रकृति हेरी व्यावसायीक कृषकलाई कामको प्रकृति तथा कार्य सम्पन्नताको आधारमा अनुदानग्राहीलाई बढीमा २ किस्तामा अनुदान रकम भुक्तानी गरिनेछ ।

२. प्रथम किस्ता अनुदान रकम दिदा व्यबसायिले आफ्नो व्यबसायिक योजना अनुसार कम्तिम २५ प्रतिशत काम शुरुवात गरेको प्रमाण ( कागजपत्र/ बिल भरपाइ/ फोटो/ सिफारिर लगायत अन्य कुनै आधारहरु) पेश गरेमा योजना लागतको कुल ५० प्रतिशत भुक्तानी दिइनेछ भने बाँकी रकम व्यबसाय सचालन शुरुवात भइ कार्य सम्पन्न भएको प्रतिबेदन तयार भएमा भुक्तानी दिइनेछ ।

**१०। अनुदान रकम र अनुदान प्रतिशत**: कृषि व्यावसायिक प्रवर्द्धन कार्यक्रममा स्वीकृत कार्यक्रम र बजेटको परिधि भित्र रही व्यवसायिक योजनाका आधारमा बढीमा ५० प्रतिशत अनुदान उपलब्ध गराइनेछ ।

परिच्छेद–३

## अनुगमन मूल्याङ्कन

**११। अनुगमन मूल्याङ्कनः** कार्यक्रम कार्यान्वयनको क्रममा मन्त्रालय/निर्देशनालय/कार्यालयले आवश्यकता अनुसार अनुगमन समिति बनाई जुनसुकै समयमा पनि अनुगमन गर्न सक्नेछ ।

परिच्छेद–४

## विविध

**१२। पुरस्कार तथा कार्वाहीको व्यवस्थाः–** पुरस्कार तथा कार्वाहीको व्यवस्था देहाय अनुसार हुनेछः–

१. तोकिएको समय भन्दा अगाडि, तोकिएको मापदण्ड र गुणस्तरमा कार्य सम्पन्न गर्ने अनुदानग्राही र सम्बन्धित कार्यमा संलग्न कर्मचारीलाई प्रोत्साहन स्वरुप मन्त्रालयबाट कदर पत्र सहित सार्वजनिक रुपमा पुरस्कृत गरी सम्मान गरिनेछ ।

२. सम्झौता तथा कार्यतालिका बमोजिम कार्य नगर्ने अनुदानग्राहीलाई अनुदान रकम उपलब्ध गराइने छैन ।

३. अनुदान रकम दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

४. यस्ता अनुदानग्राहीहरुलाई भविष्यमा सेवा सुविधा नदिने गरी कालो सूचीमा राखिनेछ ।

**द्रष्टव्यः** यस कार्यविधिमा अन्यत्र जेसुकै उल्लेख गरेको भएता पनि प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली, कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका तथा अन्य प्रचलित ऐन, नियमावलीमा उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

कृषि प्रसार अधिकृत
(अधिकृत स्तर आठौं)

राजेन्द्र प्रसाद भारी
सचिव

मा. विमला के.सी.
मन्त्री

**१३। बाधा अड्काउ फुकाउनेः-**

१. यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार मन्त्रालयको हुनेछ ।

२. यस कार्यविधिलाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

कृषि प्रसार अधिकृत
(अधिकृत स्तर आठौं)

राजेन्द्र प्रसाद भारी
सचिव

मा. विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

**अनुसूची- १**

**दफा ४ को उप-दफा १ सँग सम्बन्धित**

कृषि व्यबसाय प्रवर्द्धन कार्यक्रमका लागि प्रस्ताव आव्हानको सूचना

सूचना । सूचना ।। सूचना ।।।

यस ...............................................................................................को आर्थिक वर्ष............. को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ....... अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा ......................... प्रदेश भित्रका इच्छुक फरक क्षमता भएका, द्वन्द्व पीडित, बेरोजगार युवा, प्राबिधिक (कृषि तथा भेटेनरी) शिक्षा अध्ययन गरेका तथा बिदेशबाट फर्केका युवा, कृषक र कृषि तथा पशुपालन व्यबसायमा संलग्न र प्रचलित कानुन वमोजिम आधिकारिक निकायमा दर्ता भएका फार्म तथा व्यबसायीबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ............ दिन भित्र .................कार्यालयमा तपसिल अनुसारका कागजातहरु संगलग्न राखि आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ । यस सम्बन्धी थप जानकारीका लागि .................................मा सम्पर्क गर्न सकिनेछ ।

आवश्यक कागजात:

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि
२. कृषि व्यबसाय गर्ने अनुसूची अनुसारको प्रस्तावना
३. संस्था दर्ताको हकमा गत आ. व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन फोटोकपी
४. संस्था दर्ताको हकमा गत आ. व .सम्म कर वुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाण
५. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि
६. प्रतिवद्धता पत्र
७. बिदेशबाट फर्केका युवाहरूले पासपोट र भिसा लगायत अन्य कागज (उपलब्ध भए सम्म)
८. प्राबिधिक (कृषि तथा भेटेनरी) शिक्षा अध्ययन गरेका युवा हरूको हकमा शैक्षिक प्रमाण पत्र
९. विदेशबाट फर्केका, द्वन्द पिडित र फरक क्षमता भएका व्यक्तिहरूले प्रमाण खुल्ने कागजपत्रहरू
१०. निजी फर्म दर्ता भएका वा सुचना म्याद सम्म दर्ता भएको हुनुपर्ने ।
११. अन्य आवश्यक कागजातहरु

कृषि प्रसार अधिकृत (अधिकृत स्तर आठौं)

राजेन्द्र प्रसाद भारी सचिव

मा. विमला के.सी. मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

**अनुसूची -२**

**दफा ४ को उप-दफा २ सँग सम्बन्धित**

**कृषि व्यबसाय प्रवर्द्धन कार्यक्रम अन्तरगत व्यबसाय सञ्चालनका लागि निवेदनको ढाँचा**

मिति

विषयः कृषि व्यबसाय प्रवर्द्धन कार्यक्रम अन्तरगत व्यबसाय सञ्चालनका लागि_अनुदान रकम उपलव्ध गरि पाउ ।

श्रीमान् ............................ ज्यु
............................................

महोदय

हामी/म निम्न लिखित प्रस्तावना फारम (क) मा दस्तखत भएका व्यक्तीहरु/व्यक्ती वाट ... जिल्ला... गापा/नपा वडा न...... मा पर्ने ............................ नामक कृषि कम्पनी/कृषि फार्म/कृषि उद्यमीले कृषि व्यबसाय प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि अनुदान रकमको आवश्यकता परेकोले रु. १० को टिकट टास गरि अनुसूचीमा संलग्न फारम भरि यो प्रस्तावना पेश गरेका छौ/छु ।

निवदेक

कृषक समुह/कृषि सहकारी संस्था/कृषि फार्म/ उद्यमी कृषक
अध्यक्ष/प्रतिनिधिको दस्तखत

नामः

पदः

सम्पर्क फोन नं

मितिः

संस्थाको छाप

कृषि प्रसार अधिकृत
(अधिकृत स्तर आठौं)

राजेन्द्र प्रसाद भारी
सचिव

मा. विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

अनुसूची-३

# दफा ४ को उप-दफा २ सँग सम्बन्धित

## प्रस्ताव फाराम

खण्ड १: प्रस्तावित परियोजनाको सारांश

| | |
|---|---|
| परियोजनाको नाम : | .... |
| प्रस्तावित कार्य: | |
| आवेदकको नाम : | |
| ठेगाना : | |
| आधिकारिक व्यक्तिको नाम र ठेगाना : | |
| टेलिफोन नं : | |
| व्यवसाय दर्ता बर्ष : | |
| मू. अ. कर/स्थायी ले. नं. र दर्ता वर्ष : | |
| बैंक खाता विवरण : | बैंकको नाम :<br>ठेगाना :खाता नं. :<br>खाता संचालकहरुको नाम : |
| आवेदकको परिचय तथा अनुभव: | अनुभव र योग्यता सम्बन्धी यहाँ उल्लेख गरी कागजातहरु अनुसूचीमा संलग्न राख्ने । |
| प्रस्तावित व्यवसायको सारसंक्षेप क्षेत्रफल सहित | व्यवसायको किसिम :तरकारी/फलफूल/<br>माछापालन/मौरी/च्याउ/पशुपालन आदि<br>हालको क्षेत्रफल र उत्पादन:<br>खेती गरिएको वा गरिने क्षेत्रफल: |
| जम्मा लागत रु. | |
| अनुदान माग रु. | |
| स्वलगानी रु. | |
| स्वलगानीको प्रतिशत | |
| परियोजना संचालन स्थल : | जिल्ला :<br>.......................न.पा./गा.पा.<br>वार्ड नं: :<br>स्थान :<br>मोहडा:<br>समुद्र सतहदेखि उचाई:................मि |
| वर्तमान क्रियाकलापहरु | अवस्था..... हाल गरिरहेको कृयाकलापहरु तथा सो व्यवसायको<br>फैलावटका...... |
| हाल भएको प्रस्तावसंग सम्बन्धित पूर्वाधार तथा सम्पति | यसमा तरकारी खेती व्यवसाय गर्ने भए प्लाष्टिक घरको संख्या/मौरी पालन भए घार संख्या जस्ता खुलाउने |

कृषि प्रसार अधिकृत
(अधिकृत स्तर आठौं)

राजेन्द्र प्रसाद भारी
सचिव

मा. विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| प्रस्तावित परियोजनाको प्रमुख उद्देश्य | आयआर्जन बृद्धि गर्ने, व्यवसायिक खेती बृद्धि, रोजगारी बृद्धि गर्ने जस्ता क्रियाकलापहरु खुलाउने |
| प्रस्तावित परियोजनाको मुख्य क्रियाकलाप | उद्येश्य प्राप्तिका लागि के-कस्ता काम गरिन्छ सो खुलाउने |

खण्ड २ व्यवसायको विवरण

| |
|---|
| २.१ प्रस्तावित व्यवसायिक योजनाको भूमिका र पुष्ट्याई |
| प्रस्तावित परियोजनाले प्रस्तावक तथा समुदायमा हुने फाईदा तथा उपलब्धि उल्लेख गर्ने । |

| | |
|---|---|
| २.२ समस्याहरु, अवसर तथा प्रस्तावित क्रियाकलापहरु | |
| समस्याहरु | अवसरहरु |
| १.<br>२.. | |
| २.३ प्रस्तावित क्रियाकलापहरु<br>क्रियाकलापहरुको संक्षिप्त विवरण (के, कसरी, कस्ले, कहाँ गर्ने) ।<br>जस्तै:<br>क्रियाकलाप १<br>क्रियाकलाप २<br>क्रियाकलाप ३<br>क्रियाकलाप ४ | |
| २.४ नतिजा र प्रतिफल | |
| प्रतिफल सूचकहरु | परियोजनाको लक्ष्य |
| ओगट्ने क्षेत्रफल | ..................................रोपनी |
| उत्पादन क्षमता (५ वर्षको उल्लेख गर्ने) | ................संख्या, ............टन |
| उन्नत प्रविधि, उन्नत जात, मेशिनरी औजार तथा पूर्वाधारको उपयोग | मुख्य-मुख्य मेशिन औजार तथा जातको नाम, प्रकार तथा क्षमता उल्लेख गर्ने (आवश्यकता अनुसार थप पानामा उल्लेख गर्ने) |
| विक्रि परिमाण बृद्धि (५ वर्षको उल्लेख गर्ने) | ......टन/वार्षिक |
| आम्दानी बृद्धि (५ वर्षको उल्लेख गर्ने) | रु. ......./वार्षिक |

कृषि प्रसार अधिकृत
(अधिकृत स्तर आठौं)

राजेन्द्र प्रसाद भारी
सचिव

मा. विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| रोजगारी बृद्धि (५ वर्षको उल्लेख गर्ने) | ......जना स्वरोजगार, .........जना वर्षैभरी रोजगार, ...... जना वा कार्यदिन आंशिक रोजगार |

३. पहिले अन्य कुनै निकायबाट अनुदान प्राप्त गरेको नगरेको । गरेको भए उल्लेख गर्ने ।

४. प्रस्तावित परियोजनाका लागि अन्य कुनै निकायसंग साझेदारी गरे नगरेको । गरेको भए **खुलाउने** ।

५.कार्यतालिका

| क्रियाकलाप | महिना | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| | | | | | | | | | | | | |

६. व्यबसायको लागत तथा आम्दानी :

| सि.न. | खर्च हुने कियाकलापहरु | परिमाण | प्रति इकाइ लागत | जम्मा लागत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | कुल जम्मा लागत | | | | |

७. आम्दानी:

व्यबसायबाट उत्पादन हुने बस्तुको परिमाण :

अनुमानित बिकि मूल्य

जम्मा बिकिबाट आउने रकम:

खुद नाफा: कुल जम्मा लागत बाट जम्मा बिकिबाट आउने रकम घटाएर आउने रकम

कृषि प्रसार अधिकृत
(अधिकृत स्तर आठौं)

राजेन्द्र प्रसाद भारी
सचिव

मा. विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## प्रतिबद्धता पत्र

.................................................................................मन्त्रालय/निर्देशनालय/केन्द्रको मिति

...........................को सूचना अनुसार ........................... कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको व्यवसायिक योजना आवश्यक पर्ने प्राविधिक तथा भौतिक सरचना उपलब्ध रहेको सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा व्यवसायिक योजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र ......... वर्ष सम्म निरन्तरता दिनेछु/छौं । व्यवसायिक योजना अनुसारको कार्य नगरेमा वा ५ (पाँच) वर्ष अगावै सो कार्यहरु बन्दगरेमा नेपाल सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं ।अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

आवेदकको तर्फबाट

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.

दस्तखतः

मितिः

| दायाँ | बाँया |
|---|---|
| | |

छापः

कृषि प्रसार अधिकृत
(अधिकृत स्तर आठौं)

राजेन्द्र प्रसाद भारी
सचिव

मा. विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## अनुसूची-४

### दफा ८ को उप-दफा १ सँग सम्बन्धित

### सम्झौता नमुना

यो सम्झौता पत्र............./मन्त्रालय/कार्यालय/केन्द्र (यस पछि पहिलो पक्ष भनिएको) र ................. /कृषि फार्म/उद्यमी कृषक ...... गा.पा /नपा वडानं. टोल (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिलको शर्त वमोजिमको कुराहरुलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ ।

1. यो सम्झौता, सम्झौता भएको मिति ............. देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना/इष्टिमेट वमोजिमको कार्य यथाशिघ्र संचालन गरि मिति २०....... साल........ महिना गतेसम्म संम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ ।
2. यस सम्झौता बमोजिमको कृषि व्यबसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य दोस्रो पक्ष आफैले गर्नुपर्नेछ । दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन ।
3. प्रथम पक्षले दोस्रो पक्षलाई प्रस्तावना/इष्टिमेट अनुसारको कार्य सञ्चालन गर्न योजनाको प्रकृति अनुसार वढीमा दुई किस्ता वा एकमुष्ट रकम देहाय बमोजिम भुक्तानी गरिने छ :-
   १. सम्झौता भएपछि २५ प्रतिशत कार्य सम्पन्न् गरेको प्रमाण पेश गरे पछि प्रथम किस्ता वापत अनुदान रकमको ५०% भुक्तानी,
   २. सबै कार्य सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन सहित अन्तिम प्रतिवेदन प्राप्त भएपछि ५०% दोस्रो तथा अन्तिम किस्ताको रुपमा भुक्तानी गरिनेछ।
4. सम्झौता वमोजिमको कार्य संचालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरुप रु. (अक्षरेपी ) र दोस्रो पक्षको लागत सहभागिता रु. (अक्षरेपी ) व्यहोरिनेछ ।
5. .दोस्रो पक्षले सम्झौता बमोजिमको कृषि व्यबसाय प्रवर्द्धन कार्यक्रम अन्तरगत................................व्यबसाय/उद्दम सञ्चालनका लागि सम्झौतामा समावेश गरिएको श्रोत वाहेक अन्य कुनै सरकारी, गैह्र सरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ ।
6. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।
7. दोस्रो पक्षले व्यावसायिक कृषि प्रवर्द्धन कार्यक्रम अन्तरगत...........................................व्यबसाय सञ्चालन सम्बन्धी कार्यको सार्वजनिक जानकारीका लागि Public Audit गराउनु पर्नेछ ।

कृषि प्रसार अधिकृत
(अधिकृत स्तर आठौं)

राजेन्द्र प्रसाद भारी
सचिव

मा. विमला के.सी.
मन्त्री

8. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष विल पेश भए पश्चात सम्बन्धित दोस्रो पक्षको नाममा एकाउन्ट पेई चेक मार्फत भुक्तानी दिनेछ ।

9. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।

10. दोस्रो पक्षले स्वीकृत प्रस्तावनाको कार्य तालिका बमोजिम .......... मिति सम्म यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य (स्वीकृत प्रस्तावना/इष्टिमेट अनुसार) पूर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ ।

11. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ ।

12. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

**पहिलो पक्ष**

दस्तखत :-
नाम :-
पद :-
मिति :-
कार्यालयको छाप :-

**दोस्रो पक्ष**

दस्तखत :-
नाम :-
पद :-
मिति :-
संस्थाको छाप :-

रोवर

दस्तखत :-
नाम :-
ठेगाना :-
मिति :-

दस्तखत :-
नाम :-
ठेगाना :-
मिति :-

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

कृषि प्रसार अधिकृत
(अधिकृत स्तर आठौं)

राजेन्द्र प्रसाद भारी
सचिव

मा. विमला के.सी.
मन्त्री